नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

# कोहलपुर नगर विकास समिति

## योजना कार्यालय

कोहलपुर, बाँके

## गोलिया काठ/दाउराको सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०६/०७**

यस कार्यालयको कार्यालय परिसर भित्र घाटगद्दी गरि राखिएको गोलिया काठ/दाउरा विकि वितरण गर्न यस कार्यालयको मिति २०८३/०५/३१ को निर्णय बमोजिम नपसिल बमोजिमका गोलिया काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था फर्म वा कम्पनीले यो सूचना गोरखा पत्र पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समय सम्म बोलपत्र फारम खरिद गरी २२ औं दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

१. **गोलिया काठ/दाउराको विवरण:**

| क्र.सं. | गोलिया प्रजाती | ग्रेड | जम्मा थान | परिमाण(क्यू.फिट) | प्रति क्युफिट दर/चट्टा | न्यूनतम मूल्य | कटान मुछान आदि खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | वृक्षारोपण सिसौ | A | २ | ११.३८७ | ७०० | ७९७१.००७ | २५,०००.०० |
| २ | वृक्षारोपण सिसौ | B | २८ | ६७.५७१ | ५०० | ३३७८५.३७३ | |
| | जम्मा सिसौ | | ३० | ७८.९५८ | | ४१७५६.४ | |
| ३ | खयर | | १३९ | १६०.६८ | १००० | १६०६८३.९७ | |
| ४ | असना | A | २ | २७.२६५६ | ४०० | १०९०६.२५ | |
| ५ | असना | B | ३ | २०.२४५२ | ३०० | ६०७३.५६७७ | |
| ६ | असना | C | ३ | ११.५६६८ | १०० | ११५६.६८४ | |
| | जम्मा असना | | ८ | ५९.०७८ | | १८१३६.५ | |
| मिश्रीत दाउरा ३.०० चट्टा | | | | | ४००० | १२००० | |
| | कुल जम्मा | | १७७ | २९८.७२ | | २३२५७६.८६ | |

२. बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति २०८३/०६/२७ गते कार्यालय समय भित्र।

३. बोलपत्र फारम दाखिला गर्नुपर्ने अन्तिम मिति र समय:

क. अन्तिम मिति २०८३/०६/२८ ख. समय : दिनको १२:०० बजे भित्र।

४. बोलपत्र फारम कोहलपुर नगर विकास समितिको कार्यालयबाट दाखिला गर्नु पर्नेछ।

५. बोलपत्र फारम साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम कोहलपुर नगर विकास समितिको कोहलपुर शाखा कृषि विकास बैंकमा रहेको धरौटी खाता नं.०७२०५००३६४००३०८० (KOHALPUR NAGAR BIKASH SAMITI KA 2.10.4 DHARAUTI AC) मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ।

६. बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ।

७. बोलपत्र फारम रु.१,०००/- (पछि फिर्ता नहुने गरी) तिरी कार्यालयको प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ।

८. लिलाम बढावढ हुने गोलिया काठ/दाउरा कार्यालय खुलेको समय भित्र यस कार्यालयको कम्पाउण्डमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।

९. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नुपर्नेछ।

१०. निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/०६/२८ मा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ।

११. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर तथा कटान मुछान खर्च समेत बुझाई लिलाममा चढाएको गोलया काठ/दाउरा तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१२. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नु पर्नेछ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ।

१३. बोलपत्र मान्य नहुने अवस्था र अन्य आवश्यक कुराहरु कानून बमोजिम हुनेछ।

सदस्य-सचिव